नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

अनामनगर, काठमाण्डौ

**कार्यालय हाताभित्र रहेका भवन, सवारी साधनहरु, जनेरेटर आदि उपकरणहरु तथा अन्य जायजेथाका सुरक्षा सेवा प्रदान गर्ने सम्वन्धी सूचना**

(प्रथम पटक पकाशित मिति : २०७५।०५।०६ गते)

१. यस कार्यालयका लागि आ.ब. २०७५।७६ मा तपसिल बमोजिमका सेवा सिलवन्दी दरभाउपत्रका माध्यम बाट खरिद गन पर्ने भएकोले ईच्छुक फर्म, सस्थाहरुबाट निम्न शर्तका अधिनमा सिलवन्दी दरभाउपत्र आवह्वान गरिएका छ ।

| सि.नं. | ठेक्का नं. | विवरण |
|---|---|---|
| १ | ०१ (सिलवन्दी दरभाउपत्र) / २०७५/७६ | **कार्यालय हाताभित्र रहेका भवन, सवारी साधनहरु, जेनेरेटर आदि उपकरणहरु तथा अन्य जायजेथाका सुरक्षा सेवा प्रदान गर्ने।** |

२. सिलवन्दी दरभाउपत्रका ग्राह्यता (इलिजिबिलिटी) का आधार तथा त्यस्ता आधार प्रमाणित गन सिलवन्दी दरभाउपत्र दाताले दरभाउपत्र साथ देहायका कागजातहरु पेश गनु पर्नेछ ।

२.१ फर्म, सस्था वा कम्पनी दर्ताको प्रमाणपत्रको प्रतिलिपि

२.२ व्यवसाय दर्ता तथा नविकरणको प्रमाणपत्रको प्रतिलिपि

२.३ मू. अ. क. दर्ता प्रमाणपत्रको प्रतिलिपि

२.४ आ.व. २०७३।७४ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।

२.५ अयोग्य नभएको स्व घोषणा पत्र ।

२.६ सम्बन्धित निकायबाट कार्य संचालन इजाजतको प्रतिलिपि ।

३. सिलवन्दी दरभाउपत्र फाराम रु. १,०००।- (फिता नहुने गरी) तिरी यस कार्यालयबाट मिति २०७५ भाद्र २० गते कार्यालय समय सम्म खरिद गरी मिति २०७५ साल भाद्र २१ गते १२ बजेभित्र सिलवन्दी गरी यस कार्यालयमा दाखिला गरिसक्नु पर्नेछ ।

४. दरभाउपत्रमा आइटमवाइज दर रेट अंक र अक्षर दुवैमा लेखिएका हुन पर्नेछ , अक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाइ मान्यता दिइने छ ।

५. दरभाउपत्रको मान्य अवधि दाखिला हुने अन्तिम मिति २०७५ साल भाद्र २१ गते बाट ४५ दिनको हुनेछ । दरभाउपत्र साथ रु १५,०००।- रकममा नघटाइ मिति २०७५ साल कार्तिक ५ गते (अक्टोवर २२,२०१८) सम्म मान्यता प्राप्त वाणिज्य बैंकले यस कार्यालयका नाममा जारी गरेको बैंक ग्यारेण्टीका सक्कल प्रति पेश गनपर्नेछ । नगद जमानतका लागि कोष तथा लेखा नियन्त्रक कार्यालय (समन्वय कार्यालय) बबरमहल काठमाण्डौंका नाममा रहेको नेपाल राष्ट बैंक थापाथलीस्थित स.अ. धरौटी खाता नं. १२०१२००००१००२५२४ कार्यालय कोड नं. २७-३०५-०४ मा जम्मा गरेको सक्कल भौचर पेश गन पर्नेछ ।

६. यस प्रकारको बैंक ग्यारेण्टी (विड सेक्युरिटी) छनौट भएका बोलपत्रदाताले कार्यादेश प्राप्त गरी पर्फमेन्स ग्यारेन्टी वा काय सम्पन्न गर्नका लागि जम्मा गरेको धरौटी रकमको भौचर पेश भएपछि फिर्ता दिइने छ । अन्य बोलपत्रदाताको धरौटी रकम छनौट भएका दरभाउपत्रदाताले सम्झौता गरिसकेपछि मात्र फिता गरिने छ ।

७. पेश हुन आएका सिलवन्दी दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन (मिति २०७५ साल भाद्र २१ गते) दिनको १.०० बजे दरभाउपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा खोलिने छ । दरभाउपत्रदाता वा निजका पतिनिधि उपस्थित नभए पनि बोलपत्र खाल्न वाधा पर्ने छैन ।

८. एक फर्मका नाममा खरिद गरिएका दरभाउपत्र फाराम अर्को फर्मको नामबाट दाखिला गर्न पाईने छैन ।

९. दरभाउपत्रमा उल्लेखित सेवाका परिमाण आवश्यकता अनुसार थपघट भएमा पनि सेवा प्रदायकले स्वीकार गर्नु पर्नेछ ।

१०. सूचनाका दफा २ बमोजिमका कागजातहरु नभएको, रीत नपुगेको, म्याद नाघी प्राप्त भएको, शर्त सहितको, दस्तखत, छाप नभएको एव दरभाउपत्रमा उल्लेखित शर्त बमोजिम नभएको दरभाउपत्र उपर कारवाही हुने छैन ।

११. दरभाउपत्र दखिला गर्नु अघि सो मा उल्लिखित शर्तहरु परिमाण र अन्य कुराहरु राम्ररी अध्ययन, अवलोकन गरी दरभाउपत्र भर्न र पेश गर्न अनुरोध गरिन्छ । दरभाउपत्रमा उल्लेखित कुरा स्पष्ट नभएमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पक राख्न सकिने छ ।

१२. दरभापत्रदाताले कबुल गरेको दर परिवर्तन गर्ने सम्बन्धमा कुनै शर्त राख्न पाइने छैन ।

१३. दरभापत्रदाताले संलग्न परिमाण मुल्य पत्र (Bill of Quantity) मा उल्लेखित प्रत्येक महलमा भर्नुपर्न विवरण स्पष्ट रुपमा भर्नुपर्नेछ ।

१४. दरभापत्र दाखिला गर्ने र खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेका सो लगत्तै कार्यालय खुलेको दिन उक्त कार्य सोही समयमा हुनेछ ।

१५. दरभापत्र स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१६. या सूचनामा उल्लेख हुन छुट भएका कुराहरु सार्वजनिक खरिद ऐन २०६३ र सार्वजनिक खरिद नियमावली, २०६४ तथा अन्य प्रचलित कानुन अनुसार हुनेछ ।

**खरिद इकाई**